क्व्होलासोथार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मालिङ, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३

बैठकको नामः क्व्होलासोथार गाउँपालिका (गाउँ कार्यपालिकाको बैठक)

बैठक क्रम संख्याः तेस्रो

अध्यक्षताः अध्यक्ष श्री सूर्यप्रसाद गुरुङ

मितिः २०८०।०६।२४

स्थानः क्व्होलासोथार गाउँपालिका, वडा नं. २, मालिङ ।

उपस्थितीः

| क्र.स. | नामथर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | सूर्यप्रसाद गुरूङ | अध्यक्ष | क्व्होलासोथार गा.पा. -६ | |
| २ | गमीमाया गुरुङ | उपाअध्यक्ष | क्व्होलासोथार गा.पा. -४ | |
| ३ | पेमा गुरुङ | वडा अध्यक्ष, वडा नं. १ | क्व्होलासोथार गा.पा. -१ | |
| ४ | खुसिमान गुरुङ | वडा अध्यक्ष, वडा नं. २ | क्व्होलासोथार गा.पा. -२ | |
| ५ | आसविर गुरुङ | वडा अध्यक्ष, वडा नं. ३ | क्व्होलासोथार गा.पा. -३ | |
| ६ | नारायण गुरुङ | वडा अध्यक्ष, वडा नं. ४ | क्व्होलासोथार गा.पा. -४ | |
| ७ | गित बहादुर गुरुङ | वडा अध्यक्ष, वडा नं. ५ | क्व्होलासोथार गा.पा. -५ | |
| ८ | मनलाल गुरुङ | वडा अध्यक्ष, वडा नं. ६ | क्व्होलासोथार गा.पा. -६ | |
| ९ | लक्षुमन गुरुङ | वडा अध्यक्ष, वडा नं. ७ | क्व्होलासोथार गा.पा. -७ | |
| १० | सन्तोष घले | वडा अध्यक्ष, वडा नं. ८ | क्व्होलासोथार गा.पा. -८ | |
| ११ | हुमराज गुरुङ | वडा अध्यक्ष, वडा नं. ९ | क्व्होलासोथार गा.पा. -९ | |
| १२ | श्री गंगा बहादुर घले | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -३ | |
| १३ | श्री सुल बहादुर बि.क. | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -३ | |
| १४ | श्री हेमन्ता गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -४ | |
| १५ | श्री केश कुमारी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -८ | |
| १६ | श्री खास देवी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -९ | |
| १७ | श्री पुष्पा सुनार | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -७ | |
| १८ | श्री माधव प्रसाद वाग्ले | प्रमुख प्रशासकिय अधिकृत | क्व्होलासोथार गा.पा. | |

१९. श्री दिपकराज पौडेल शिक्षा शाखा प्र.

२०. श्री श्रीकान्त न्यौपाने कृषि शाखा प्र.

२१. श्री राम प्रसाद गुरुङ पशु शाखा प्र.

२२. श्री गोपाल कुँवर [illegible]

१८६ क

कार्यपालिका बैठक २०८० असोज २४ गते

प्रस्तावहरुः

**प्रस्ताव नं १: काठमाण्डौ महानगरपालिका समक्ष एम्बुलेन्स माग गर्ने सम्बन्धमा ।**

निर्णय नं १: काठमाण्डौ महानगरपालिकाको मिति २०८०/०६/०४ च.न. २५९/०८०/८१ को प्राप्त सुचना अनुसार यस गाउँपालिकालाई एम्बुलेन्स आवश्यक पर्ने भएकाले काठमाण्डौ महानगरपालिका समक्ष माग निवेदन पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २: सार्वजनिक खरिद इकाई गठन सम्बन्धमा**

निर्णय नं २: यस गाउँपालिकामा सार्वजनिक खरिद नियमावली २०६३ को दफा ७ उपदफा २ सँग सम्बन्धित सार्वजनिक निकायमा खरिद गर्ने कर्मचारीको योग्यता निर्धारण मापदण्ड,२०७८ बमोजिम सार्वजनिक सामाग्री खरिद इकाई तपसिल बमोजिम गठन गर्ने निर्णय गरियो ।

तपसिलः

| क.स. | जिम्मेवारी | पद | नाम,थर |
|---|---|---|---|
| १ | संयोजक | अधिकृत सातौं | त्रिलोक चन्द्र गुरुङ |
| २ | सदस्य | अधिकृत छैठौं | आशा कुमारी गुरुङ |
| ३ | सदस्य-सचिव | अधिकृत छैठौं | चित्र घले |

साथै आवश्यकताको आधारमा शाखा प्रमुखलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिने छ ।

**प्रस्ताव नं ३: जेसिबिको सम्झौता म्याद सम्बन्धमा**

निर्णय नं ३: यस गाउँपालिकाले बर्षा याममा सडकहरु अवरुद्ध हुदाँ यातायात संचालनका लागि बाराहि कन्ट्रक्सनसँगको जे.सि.भि. सम्झौता असोज १५ देखि समाप्त भएकोले कार्तिक २ गतेसम्म सम्झौतालाई निरन्तरता दिई कामकाजमा लगाउने यदि काम सम्पन्न हुन बाँकी रहेमा दिन गनेर कार्यदिन जोडेर सम्झौता गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ४: ट्रान्फर्मर मर्मत सम्बन्धमा**

निर्णय नं ४:क्होलासोथार वडा नं ७ मा अवस्थित ट्रान्सफर्मर बिग्रिनगई विद्युत सेवा लामो समयसम्म अवरुद्ध भएकाले उक्त ट्रान्सफर्मर मर्मत खर्चको बिलभरपाई अनुसारको रु.१,२३,०००/- अक्षरुपी एकलाख तेइसहजार रुपैयाँ रकम भुक्तानी गर्ने निर्णय गरियो ।

क्व्होलासोथार गाउँपालिका
कार्यपालिकाको कार्यालय
मालिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

कार्यपालिका बैठक २०८० असोज २४ गते

**प्रस्ताव नं ५: सवारी साधन मर्मत खर्च सम्बन्धमा**

**निर्णय नं ५:** गाउँपालिकाको अध्यक्षले प्रयोग गर्दै आउनुभएको ग १ झ ३५९ नं को Scorpio गाडी पुरानो भएकोले समयसमयमा मर्मत सम्भार गर्ने र इन्धन प्रयोग आवश्यकता अनुसार गर्ने निर्णय गरियो ।

**प्रस्ताब नं ६: विविध**

क. **आर्थिक सहयोग सम्बन्धमा**

क्व्होलासोथार गाउँपालिका ६ नं वडा पसगाउँ निवासी श्री प्रदिप गुरुङ विगत केही समय देखि स्वास्थ्यमा जटिल समस्या आई आ.सि.यु.मा भर्ना गरी रहेको र निजको पारिवारिक आर्थिक अवस्था पनि कमजोर रहेकोले निजको उपचारको लागि रु.७५,०००/- अक्षरुपी पचहत्तर हजार रुपैयाँ मात्र आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

ख. **आर्थिक सहयोग सम्बन्धमा**

क्व्होलासोथार गाउँपालिका ९ नं वडा, टक्सार गाउँ निवासी श्री डिल बहादुर कामीलाई छुरा प्रहार गरी घाइते भएकाले निजको आर्थिक अवस्था अत्यन्त कमजोर रहेकोले निजको औषधी उपचारका क्रममा अस्पतालमा निधन भइ सकेको हुदाँ निजको उपचार खर्च स्वरुप उहाँको परिवारलाई रु.७५,०००/- अक्षरुपी पच्हत्तर हजार रुपैयाँ मात्र आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

ग. **आर्थिक सहयोग सम्बन्धमा**

विष्णु कलि घर्ति

क्व्होलासोथार गाउँपालिका ९ नं वडा, लांगे गाउँ निवासी श्री ~~मनकली गुरुङ~~को श्रीमान् माने लामाको आत्महत्या गरी मृत्यु भएकाले निजको परिवारलाई क्रिया खर्च स्वरुप रु.२५,०००/- अक्षरुपी पच्चिस हजार रुपैयाँ उपलब्ध गराउने निर्णय गरियो ।

घ. **आर्थिक सहयोग सम्बन्धमा**

क्व्होलासोथार गाउँपालिका ४ नं वडा निवासी श्री सुविन्द्रा गुरुङ क्यान्सर रोगबाट ग्रसित भई लामो समयदेखि अस्पतालमा उपचारत रहेकोले र निजको आर्थिक अवस्था कमजोर रहेको हुदाँ निजलाई आर्थिक सहायता स्वरुप रु.१,००,०००/- अक्षरुपी एक लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरियो ।

ङ. **आर्थिक सहयोग सम्बन्धमा**

क्व्होलासोथार वडा नं ६ कुंभकन्या रोधी परिवार र टाइगर गाइजले विजयादशमीको पावन अवसरमा पुरुष तथा महिला 7A साइड फुटबल प्रतियोगिता आयोजनाका लागि आर्थिक

क्व्होलासोथार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मालिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७२



सहयोग माग भइ आएकोले उक्त क्लबलाई सहयोग स्वरुप रु.५०,०००/- अक्षरुपी पचास हजार रुपैयाँ उपलब्ध गराउने निर्णय गरियो ।

च. <u>दसै खर्च उपलब्ध गराउने सम्बन्धमा</u>

यस क्व्होलासोथार गाउँपालिकाको केन्द्रमा रहेको मालिङ अस्थायी प्रहरी चौकी र वडा नं ९ मा रहेको गिलुङ प्रहरी चौकी गिलुङ टक्सारलाई दशै खर्च स्वरुप रु. १२,०००/- अक्षरुपी दश हजार रुपैयाँका दरले रकम उपलब्ध गराउने निर्णय गरियो । साथै जिल्ला कारागार कार्यालय बेसीशहर लमजुङलाई चाडपर्वका तयारीका रुपमा आर्थिक सहयोग स्वरुप एक खसी उपलब्ध गराउने निर्णय गरियो ।

छ. <u>विजयादशमी शुभकामना सम्बन्धमा</u>

नेपालीहरुको महान पर्व विजयदशमी २०८०को पावन अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण बा, आमा, दाजुभाई, दिदीबहिनीहरुलाई स्वास्थ्य र दीर्घजीवनको कामना गर्दै शुभकामना दिने निर्णय गरियो । साथै २०८० असोज २९ गते विहान १०:१९ बजे झण्डा फेर्ने कार्यक्रम गरी शुभकामना आदनप्रदान गर्ने निर्णय गरियो ।

ज. <u>HMIS संचालन सम्बन्धि कम्प्युटर जन्य सामान खरिद सम्बन्धमा</u>

गाउँपालिकाको स्वास्थ्य संस्थाहरुमा रहेका मौजुदा कम्प्युटर, ल्यावटप र प्रिन्टरहरुलाई मर्मत गरी HMIS सेवा संचालनमा ल्याउने र आवश्यकता हेरी नयाँ सामान खरिद गर्ने निर्णय गरियो ।

झ. होम स्टे (घरबास) महासँघ नेपालको चौथो राष्ट्रिय सम्मेलन असोज २५ बाट २७ सम्म चितवनको माडीमा संचालन हुने सम्मेलनमा सहभागी हुन गएका होमस्टे संचालकहरुको यातायात खर्च व्यहोर्ने निर्णय गरियो ।